# उर्लाबारी नगरपालिकाको सार्वजनिक सुनुवाई प्रतिवेदन

## आर्थिक वर्ष २०८१/०८२ पहिलो चौमासिक




२९ पुस २०८१

सञ्चार क्लब नेपाल

उर्लाबारी मोरङ

# उर्लाबारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को पहिलो चौमासिकमा भए गरेका कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

## १. पृष्ठभूमि :

राज्यको विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासहरुलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागु गर्दै आएको छ। तीनै ऐन नीति नियम तथा कार्यक्रमहरुले स्थानीय तहको संञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाइरहेका छन् । कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदर्शिता, जवाफदेहिता, जनसहभागिता र विधिको शासन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ। जनताको आवाज तथा जनगुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालायका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनताप्रतिको जवाफदेहिता, उत्तरदायित्व र विकाससँग सम्बन्धित रहन्छ । उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङले कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाइ लगायतका विविध विषयमा जनताहरुलाई सुशासनको प्रत्याभूति दिन र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवम् सबल संस्थाको रुपमा स्थापित गर्नको लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न सार्वजनिक सुनवाई कार्यविधि अनुसार वर्षको कम्तिमा तीन पटक सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ। तिनै व्यवस्थाहरु मध्ये आर्थिक वर्ष २०८१/०८२ को पहिलो चौमासिक अवधिमा सञ्चालन गरेका योजना आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन भएको छ । यस सार्वजनिक सुनवाई कार्यक्रमको सहजीकरण तथा सहकार्य सञ्चार क्लब नेपाल उर्लाबारी, मोरङलाई जिम्मेवारी दिएको सन्दर्भमा सो संस्थाको प्राविधिक सहयोगमा सञ्चालन भएको सार्वजनिक सुनुवाई कार्यक्रमको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ ।

## २. सार्वजनिक सुनुवाईको औचित्य:

सार्वजनिक सुनवाई कार्यविधिमा व्यवस्था भए अनुसार नगरपालिकाको नगरसभाबाट विनियोजित बजेट तथा कार्यक्रमहरुबाट सञ्चालन र सम्पादन गरेको कामहरुको सार्वजनिक सुनुवाई गर्नु पर्ने कुरा उल्लेख भएको छ। उर्लाबारी नगरपालिकामा आ.व. २०८१/०८२ को पहिलो चौमासिक अवधिमा सञ्चालन भएका विकास निर्माण कार्यहरु तथा स्थानीय बासिन्दाहरुका लागि पुऱ्याएको सेवा सुविधाहरुको विषयमा सेवाग्राहीहरुको प्रतिक्रिया तथा गुनासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउँ पुऱ्याउँछ। कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउनेछ ।

सञ्चार क्लब नेपाल * उर्लाबारी, मोरङ

## ३.सार्वजनिक सुनवाई कार्यक्रमको उद्देश्य:

यस कार्यक्रमको मुख्य उद्देश्य उर्लाबारी नगरपालिकाबाट आव २०८१/०८२ को पहिलो चौमासिक अवधिमा नगरपालिकाका बासिन्दाहरुलाई पुऱ्याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया तथा गुनासाहरुलाई व्यवस्थापन गर्नु हो । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए:

क. पहिलो चौमासिक अवधिमा नगरपालिकाबाट भए गरेका कार्यहरुको जानकारी गराउनु,
ख. अघिल्लो सार्वजनिक सुनुवाईमा उठेका विषयहरुको सम्बोधन गरिएका कार्यहरुको जानकारी गराउनु,
ग. जनगुनाासाहरु सुन्नु,
घ. जनताको समस्यामा छलफल गर्नु,
ङ. नगरपालिकामा आ.व. २०८१/०८२ को पहिलो चौमासिक अवधिमा गरिएका कामहरुको मूल्यांकन गर्नु,
च. आगामी दिनहरुमा नगरपालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान र सुझाव प्राप्त गर्नु ।

## ४. कार्यक्रमबाट भएका उपलब्धिहरु

(क) नगरपालिका र नगरबासी बीचको सम्बन्ध अझ राम्रो हुनेछ ।
(ख) आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा र नराम्रा दुवै पक्षको कार्य मूल्यांकन हुने छ ।

## ५. सार्वजनिक सुनवाई कार्यकमको विवरण

(क) सार्वजनिक सुनुवाई कार्यक्रम आयोजक: उर्लाबारी नगरपालिका, उर्लाबारी (मोरङ)
(ख) सार्वजनिक सुनुवाई संयोजन गर्ने संस्था: सञ्चार क्लब नेपाल उर्लाबारी, मोरङ
(ग) सार्वजनिक सुनुवाई कार्यक्रम भएको मिति : २०८१ पुस २९ गते सोमबार
(घ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको स्थान : उर्लाबारी नगरपालिकाको सभाहल, उर्लाबारी-४, आइतबारे (मोरङ)
(ङ) सार्वजनिक सुनुवाई कार्यक्रम भएको समय: दिनको दिउसो १:०० बजेदेखि ५:०० बजेसम्म ।
(च) कार्यक्रम सञ्चालन गरिएको समयावधि: ४ घण्टा
(छ) कार्यक्रममा सहभागी संख्या: १०६ जना
(ज) कार्यक्रमको अध्यक्षता : उर्लाबारी नगर प्रमुख गंगाप्रसाद खरेल
(झ) नागरिक प्रतिवेदन सर्वेक्षणको सहभागी संख्या: २०० जना
(ञ) बहिर्गमन अभिमत सर्वेक्षणको सहभागी संख्या: २०० जना
(ट) नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत सम्पादन: सञ्चार क्लब नेपालका पूर्वअध्यक्ष नवराज भट्टराई

## ६. सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएका प्रतिवेदनहरु:

क) उर्लाबारी नगरपालिकाको चालु आवको दोस्रो चौमासिक प्रगति प्रतिवेदन:
प्रस्तुतकर्ता योजना शाखाका अधिकृत विकास दाहाल ।
ख) नागरिक प्रतिवेदनको प्रस्तुतकर्ता: सञ्चार क्लब नेपालका सदस्य विवेक न्यौपाने
ग) बहिर्गमन अभिमत प्रतिवेदनको प्रस्तुतकर्ता: सञ्चार क्लब नेपालका सदस्य विवेक न्यौपाने

## ७. सार्वजनिक सुनुवाईमा छलफल गरिएका विषयवस्तुहरुः

नगरपालिकाको प्रथम चौमासिकको प्रगति, आम्दानी, खर्च, शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी, सूचना, रोजगार, कृषि क्षेत्र, नगरपालिकाको भौत्तिक पूर्वाधार तथा विकास निर्माण, वैदेशिक रोजगार ।

## ८. सार्वजनिक सुनवाई कार्यक्रममा भएको उपस्थितिः

यस कार्यक्रममा उर्लाबारी नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ को पहिलो चौमासिक अवधिमा सम्पादन गरिएका विकास निर्माण कार्य र नगरपालिकाले पुऱ्याएको सेवा सुविधाका बारेमा सार्वजनिक सुनुवाई गरिएको थियो । नगरपालिकाका सम्पूर्ण बस्तीहरु, टोल विकास संस्थाका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, उपभोक्ता समिति, सामुदायिक विकास संस्था, विद्यालयहरु, सहकारीहरु, आमा समूहहरु, सामुदायिक वन उपभोक्ता समितिहरु, महिला समूहहरु, दलित उत्थान समूहहरु, व्यावसायीहरु, शिक्षक, बुद्धिजीवीहरु तथा नगरपालिकाका विषयगत शाखाहरुलाई सार्वजनिक सूचना मार्फत आमन्त्रण गरिएको थियो । सो मध्येका सबै प्रतिनिधि गरी १०६ जनाको उपस्थिति भएको थियो । यसको विवरण तल उल्लेख छ ।

## ९. सार्वजनिक सुनवाई कार्यक्रमको पहिलो शत्रः

यस कार्यक्रमको पहिलो सत्र देहाय अनुसार सञ्चालन भएको थियो ।

क) अध्यक्षता ग्रहण उर्लाबारी नगरपालिका नगर प्रमुख श्री गंगाप्रसाद खरेल

ख) पदाधिकारीहरुको आसन ग्रहण

- नगर उपप्रमुख मीना खतिवडा पौडेल
- प्रमुख प्रशासकीय अधिकृत अभयकुमार गुप्ता
- इलाका प्रशासन कार्यालय उर्लाबारीका प्रमुख महेशराज तिम्सिना
- यस न.पा. का सबै वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु
- सरोकारवाला कार्यालयका प्रमुखहरु,
- राजनीतिक दलका प्रमुखहरु
- कार्यालयका कर्मचारीहरु
- उपस्थित सबै जनसमुदायहरु

ग) राष्ट्रिय गानः सामुहिक

घ) ज्ञात अज्ञात सहिदहरुको सम्झनामा १ मिनेट मौनधारण

ङ) स्वागत मन्तव्यः उपसचिव शालिग्राम काफ्ले

च) नगरपालिकाको सेवाप्रवाह सम्बन्धी प्रस्तुति योजना शाखाका अधिकृत विकास दाहाल

## १०. सार्वजनिक सुनवाई कार्यकमको दोश्रो शत्र

क) सार्वजनिक सुनवाई सहजीकरण गर्ने सञ्चार क्लब नेपालका सदस्य विवेक न्यौपानेद्वारा सार्वजनिक सुनवाई कार्यक्रममा पालना गर्नु पर्ने आचारसंहिता बारे जानकारी प्रस्तुत ।

ख) कार्यविधि बमोजिमको नागरिक प्रतिवेदन (Citizen Report Card) र बहिर्गमन अभिमत (Exit Poll) सेवा प्रवाह सम्बन्धि गरिएको अध्ययनबाट प्राप्त भएको विवरण अनुसार तयार पारेको प्रतिवेदनको प्रस्तुति

## ११. सार्वजनिक सुनुवाई कार्यक्रमको तेस्रो शत्र

क) प्रश्न उतर तथा छलफल: सहभागीबाट प्रश्न राख्ने ।

ख) प्रश्न सहभागीबाट आएका जिज्ञासाको उत्तर निम्न महानुभावले दिनुभएको थियो:

१) वडा नं. २ का वडाध्यक्ष राजनकुमार कँडेल

२) शिक्षा शाखा प्रमुख शालिग्राम काफ्ले

३) इलाका प्रशासन कार्यालय उर्लाबारीका प्रमुख महेशराज तिम्सिना

४) प्रमुख प्रशासकीय अधिकृत अभयकुमार गुप्ता

५) नगर उपप्रमुख मीनाकुमारी खतिवडा पौडेल

६) नगर प्रमुख गंगाप्रसाद खरेल

ग) सभापति नगर प्रमुख श्री गंगाप्रसाद खरेलबाट सभा विसर्जन

**कार्यक्रममा उठेको प्रश्न, जवाफ तथा सुझावहरु:**

| क्र.स. | प्रश्न गर्ने वा सुझाव दिनेको नाम, थर, ठेगाना | सहभागीको प्रश्न, गुनासो, सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १. | पदम भण्डारी उर्लाबारी-१ | गौतम सुनचाँदी पसलबाट ठगिएको मुद्दामा अदालतबाट भएको फैसला नगरपालिकाले कार्यान्वयनमा ढिलाई किन गरेको ? | अभयकुमार गुप्ता प्रमुख प्रशासकीय अधिकृत | अदालतको फैसला कार्यान्वयनका लागि नगरपालिका लागि परेको छ, भर्खरै मात्र प्रतिवादीलाई फैसला अनुसार गर्न ३५ दिनको समय सीमा दिएर पत्र पठाएका छौं, उक्त समयमा पनि कार्यान्वयन नगरे कानुन अनुसार अघि बढ्छौं । |
| २ | भवानी ढकाल उर्लाबारी-७ | वडामा गएर मालपोत तिर्दा दुई वटा रसिद दिइयो । एउटा रसिद कित्ता नम्बर नभएको किन दिइयो ? | अभयकुमार गुप्ता प्रमुख प्रशासकीय अधिकृत | सफ्टवेयरका कारण त्यस्तो भएको हुन सक्छ, गल्ती भएको रहेछ भने सच्याउने छौं । |
| ३. | सरोज बस्नेत उर्लाबारी-७ | - वडा नं. ७ मा सडक बत्ती बिग्रिएको लामो समय भयो मर्मत गर्न किन चासो दिइँदैन ?<br>-जग्गा अव्यवस्थित प्लटिङ भइरहेको छ, नपाले यसतर्फ ध्यान किन दिएन ? | अभयकुमार गुप्ता प्रमुख प्रशासकीय अधिकृत<br>गंगाप्रसाद खरेल नगर प्रमुख | -सडक बत्तीत मर्मतका लागि सामग्री खरिद गरेका छौं । प्राथमिकताका आधारमा मर्मत गर्दै जान्छौं ।<br>-जग्गा प्लटिङ सम्बन्धी नगरपालिकाले कार्यविधि पारित गरेको छ, कार्यविधि विपरीत प्लटिङ गरिएको रहेछ भने रोक्ने छौं । |

| | | | | |
|---|---|---|---|---|
| | | नगर प्रमुखलगायत जनप्रतिनिधिलाई कर्मचारीले नटेरेको हो ? | | नियम, कानुन अनुसार चल्ने भएकोले कसैले कसैलाई टेर्ने नटेर्ने भन्ने विषय हुँदैन । |
| ४. | पिपलराज गिरी उर्लाबारी-३ | -उर्लाबारीमा एउटा कोल्डस्टोर स्थापना गर्नुपर्‍यो ।<br><br>-वडा नं. ३ की वडा सदस्य ज्योति धिमाल विदेश गएको विदा लिएर हो कि राजीनामा दिएर हो प्रष्ट पार्नुपर्‍यो । | गंगाप्रसाद खरेल नगर प्रमुख | -उर्लाबारी-६ मा कोल्डस्टोर स्थापनाका लागि पहल गरिएपनि यसको निरन्तरतामा विभिन्न समस्या देखिएकोले ढिलाइ भएको हो ।<br>-ज्योति धिमाल विदामा विदेश जानुभएको हो । |
| ५. | जयप्रसाद भट्टराई उर्लाबारी-४ | वडा नं. ४ को शिवशंकर मार्गमा ९ लाख वडाबाट विनियोजन गरिएको साथै उपभोक्ताबाट लागत साझेदारी गरी १३ लाखको स्टिमेटमा सबै तयारी सके पश्चात किन स्टिमेट परिवर्तन भयो ? | गंगाप्रसाद खरेल नगर प्रमुख | नगरपालिकाले बनाएका बाटा लामो समयसम्म टिक्न सकून् भन्ने उद्देश्यले गुणस्तरीय सामग्रीको प्रयोग गर्ने विषयले गर्दा स्टिमेट परिवर्तन भएको हो । |
| ६. | प्रमोद निरौला उर्लाबारी-४ | इलाका प्रशासन कार्यालयले राष्ट्रिय परिचय पत्र वडा स्तरबाट वितरण गर्ने व्यवस्था गर्नुपर्‍यो ?<br><br>पूर्वपश्चिम राजमार्ग विस्तारका कारण राजमार्ग उत्तरको बस्ती डुबानको सम्भावना रहेकोले यसको समाधानका लागि नगरले के पहल गर्दै आएको छ ? | महेशराज तिम्सिना प्रमुख, इप्रका<br><br>गंगाप्रसाद खरेल नगर प्रमुख | -वडामा खचेको राष्ट्रिय परिचयपत्र आइसकेको छैन, आएपछि वडा कार्यालयबाटै वितरण गर्नेछौं ।<br><br>यो विषयमा हामी गम्भीर भएर लागेका छौं । राजमार्ग विस्तार आयोजनासँग पटक पटक छलफल भएको छ, मन्त्रीसम्म निवेदन लिएर गएका छौं । उर्लाबारीको राजमार्ग उत्तर पानी निकाससहितको सडक बन्नुपर्छ भन्ने हाम्रो माग हो । यसमा अन्तिसम्म लागिरहन्छौं । |
| ७. | सोमप्रसाद तिम्सिना उर्लाबारी-३ | सुनपकुवा माविमा ९ महिना अघि रिक्त अंग्रेजी विषयको शिक्षक पदपूर्ति किन हुन सकेन ? | शालिग्राम काफ्ले शिक्षा शाखा प्रमुख | - नगरपालिकाले रोकेको छैन, दुई पटक परीक्षा गराउँदा पनि कोही पनि उत्तीर्ण हुनुभएन । पछिल्लो समय विद्यालय व्यवस्थापन समिति यो विषयमा अनिर्णित बनेको छ । |

सञ्चार क्लब नेपाल
स्था: २०६०
उर्लाबारी, मोरङ

| | | | | |
|---|---|---|---|---|
| | | ट्रमा सेन्टरको फ्रिज बिग्रिएर शव व्यवस्थापनमा समस्या आउँदा नगरपालिका किन मौन ?<br>अघिल्ला जनप्रतिनिधिको कार्यकालमा खोला ठेक्काबाट बढी राजश्व संकलन हुन्थ्यो तर अहिले किन खोला ठेक्का लाग्न सकस परेको ?<br><br>विदेश गएका जनप्रतिनिधि वडा नं. ३ की वडा सदस्य ज्योति धिमालको सेवा सुविधा के हुँदैछ ?<br>पहिलो चौमासिकमा बजेट खर्च कम मात्र देखिएको छ, यस्तै प्रकारले अन्त्यमा फ्रिज हुने त होइन ? | गंगाप्रसाद खरेल<br>नगर प्रमुख<br><br><br><br><br><br><br><br><br>अभयकुमार गुप्ता<br>प्रमुख प्रशासकीय अधिकृत | प्रदेश सरकार मातहत रहेको अस्पताल भएपनि हामीले चासो दिएका छौं । समस्या चाँडै समाधान हुने आशा गरौं ।<br>हामी नियमसँगत रुपमा अघि बढेका छौं । नियमभन्दा तलमाथि नगरी अघि बढ्दा ठेक्का लाग्न केही समस्या हुने रहेछ तर पनि ठेक्का खुलेको छ, लाग्ने आशा गरौं ।<br><br>जनप्रतिनिधि ज्योति धिमालले विदेश गएका समयमा नपाबाट सेवा सुविधा प्राप्त गरेको छैन ।<br><br>पहिलो चौमासिक योजना निर्माण र सम्झौतामा बढी केन्द्रीत हुने भएकाले कम खर्च देखिएको हो । हालसम्म अधिकांश योजना सम्झौता भइसकेर कार्य सुरु भइसकेका छन् । अबको चौमासिकमा बजेट खर्च बढेर आउँछ । |
| ८. | दुर्गाप्रसाद खतिवडा<br>उर्लाबारी-६ | बसपार्क निर्माणका लागि नगर विकास कोषसँग सम्झौता भयो तर निर्माण कार्य किन अघि बढेन ? | अभयकुमार गुप्ता<br>प्रमुख प्रशासकीय अधिकृत | नगर विकास कोषसँगको सम्झौता बमोजिम बसपार्क निर्माणका लागि ठेक्का खोल्ने प्रक्रियामा छौं । |
| ९. | तुलाराम थपलिया<br>उर्लाबारी-४ | वडा नं. ४ मा फुटबल खेल मैदान र व्यायमशाला आवश्यक छ, नगरले ध्यान दिनुपर्‍यो ? | गंगाप्रसाद खरेल<br>नगर प्रमुख | वडामा एउटा खेलमैदान हुनुपर्छ भन्ने हो तर वडा नं.४ मा खेलमैदान बनाउने जग्गाको अभाव छ । ऐलेनी जग्गा, खोला उकास जग्गामा सबैको साथ सहयोग हुने हो भने मैदान बनाउन भने सकिन्छ । |
| १०. | विजय माझी<br>उर्लाबारी-३ | वडा नं. ३ मा डस्टविन वितरण कार्यकर्तामुखी भयो ?<br>वडाध्यक्षलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बनाउनु पर्छ ।<br><br><br>ऐलेनी जग्गामा घर बनाउँदा नगरपालिकाले रोकेको छ, | गंगाप्रसाद खरेल<br>नगर प्रमुख | नगरपालिकामा निवेदन लिएर आउने सबैलाई मागेजति नभएपनि केही मात्रामा डस्टविन दिने गरेका छौं । कार्यकर्ताका लागि मात्र होइन सबैका लागि नगरपालिका खुला छ ।<br><br>बसन्त आयोगको पुर्जा भएको जग्गामा घर बनाउन नगरपालिकाले |

| | | | | |
|---|---|---|---|---|
| | | बसन्त आयोगको पूर्जा भएपनि घर बनाउन दिइँदैन । | | रोक्दैन, तर ऐलेनी जग्गामा भने रोकेका हौं । घरनक्सा पास गरेर मात्र घर बनाउन पाइन्छ । |
| ११. | मुकुन्द निरौला वडा नं. २ | सामुदायिक विद्यालयले योजना सञ्चालनमा १५ प्रतिशत लागत व्यहोर्न समस्या भएको छ । | गंगाप्रसाद खरेल नगर प्रमुख | उर्लाबारीको शैक्षिक सुधारका लागि केन्द्रबाट आएको बजेट कार्यान्वयनका लागि नगरपालिकाले ठेक्कामार्फत काम गरिरहेको छ, यसमा लागत व्यहोर्ने भन्ने विषय आउँदैन । |
| १२. | अनिलकुमार ठाकुर उर्लाबारी-७ | सँधीयारले बाटो नदिएका कारण घर बनाउन नक्सा पास हुन सकेन, मैले घर बनाउन पाउने कि नपाउने ? | मीना खतिवडा पौडेल नगर उपप्रमुख | यस विषयमा न्यायिक समितिमा निवेदन प्राप्त भएको छ । वडास्तरीय मेलमिलाप केन्द्रमा छलफलका लागि पठाइएको छ । |
| १३ | अमर कट्वाल उर्लाबारी-६ | उर्लाबारी मधुमल्ला सडक खण्डको छेउ कटान हुने र भत्किने गरेका कारण सडक साँघुरो हुने र दुर्घटना हुने चिन्ता बढेको छ, नगरपालिकाले चासो दिनुपर्‍यो । | गंगाप्रसाद खरेल नगर प्रमुख | सुझावका लागि धन्यवाद । स्थलगत रुपमा हेरेर के गर्न सकिन्छ प्रदेश सरकार मातहतको सडक भएकोले पहिल गर्ने छौं । |

## १२. सार्वजनिक सुनुवाई गर्न अपनाएका विधिहरु:

क) सार्वजनिक सुनुवाई कार्यविधि र आचारसंहिता पालना
ख) नागरिक प्रतिवेदन, बहिर्गमन अभिमत
ग) सामाजिक सञ्जाल तथा माइकिङ गरी प्रचार प्रसार
घ) नगरबासी, टोलविकास संस्थाहरु, उद्योगी व्यवसायीहरु, शिक्षक बुद्धिजीवी, किसान, तथा विभिन्न संघ संस्थालाई कार्यक्रम बारे सार्वजनिक सूचना
ङ) वृहत्त भेला तथा छलफल

## १३. सार्वजनिक सुनवाई कार्यक्रमबाट भएका सिकाइहरु

यस कार्यक्रमबाट देहायका कुराहरुको सिकाइ भएको छ ।


- सार्वजनिक सुनुवाईबाट जनताको समस्यालाई नजिकैबाट बुझ्न सकियो ।
- सार्वजनिक सुनुवाइ कार्यक्रममा नगरबासीको उल्लेख्य उपस्थितिको लागि बृहत रुपमा प्रचार प्रसार गर्नु पर्ने सिकाइ भएको छ ।
- यस प्रकारको सुनुवाईको व्यवस्था नियमित रुपमा हुँदा नगरपालिकाको कार्य सम्पादनमा सहयोग पुग्ने ।
- यस प्रकारको कार्यक्रमले सही अर्थमा पारदर्शीता कायम गर्न सफल हुने ।
- जनगुनासोहरुको सुनुवाई गर्ने उपयुक्त थलोको रुपमा यो माध्यम उपयुक्त भएको ।

## १४. निश्कर्ष :

उर्लाबारी नगरपालिका नगर कार्यपालिका कार्यालयले आ.व. २०८१/२०८२ को पहिलो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम नेपाल सरकारको प्रचलित कानुन बमोजिम मिति २०८१/०९/२९ गते सम्पन्न गरेको हो। कार्यक्रम व्यवस्थित रुपले सञ्चालन गरेको देखियो।

## १५. कार्यक्रमका झलकहरु






सार्वजनिक सुनुवाई कार्यक्रम
मिति २०८१ साल पौष २९ गते सोमबार
स्थान: उर्लाबारी नगरपालिकाको सभाहल
उर्लाबारी नगरपालिका



सार्वजनिक सुनुवाईमा प्रयोग गरिएको ब्यानर




प्रतिवेदक
सुमन घिमिरे (उपाध्यक्ष)
सञ्चार क्लब नेपाल, उर्लाबारी (मोरङ)